**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**
**<u>आदेश</u>**
**०८३-WH-००४५**
**विषयः- <u>बन्दी प्रत्यक्षीकरण</u>।**

दुर्गा प्रसाद प्रसाईको हकमा निजको श्रीमती उमा प्रसाई ................................ निवेदक

**<u>विरुद्ध</u>**

जिल्ला प्रहरी परिसर भक्तपुरसमेत......................................................... विपक्षी

प्रस्तुत रिट निवेदनसहितको कागजातहरु अध्ययन गरी निवेदककोतर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री टंकप्रसाद दुलाल एवम् विद्वान् अधिवक्ताहरु श्री पारसमणि फुयाल, श्री आशिष लुइटेल, श्री सुरेश बोहरा र श्री रेनुकादेवी सिटौलाले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक २४ (चौबिस) घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ पेस गर्नू भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाउँमा म्याद पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला।

साथै, निवेदनसाथ संलग्न मिति २०८३।०५।०४ को खानतलासी पूर्जीबमोजिम निवेदक दुर्गा प्रसाईको घर खानतलासी हुँदा बरामद भएका भनिएका सामानसमेत पेसीको दिन लिई आउनु भनी विपक्षी जिल्ला प्रहरी परिसर भक्तपुरलाई लेखी पठाउनू।

**न्यायाधीश**

**इति संवत् २०८३ साल भदौ महिना ८ गते रोज २ शुभम् .......................................।**